# राष्ट्रिय सूचना आयोग

बानेश्वर-१०, देवीनगर, काठमाडौं, नेपाल


## १६ औं राष्ट्रिय सूचना दिवसको शुभकामना एवम् प्रतिबद्धता

सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको दिन भदौ ३ लाई राष्ट्रिय सूचना दिवसका रुपमा मनाउने गरिएको छ। नागरिक सशक्तीकरणका लागि जारी भएको ऐनको प्रयोग गरी सूचना माग गर्ने क्रम पछिल्लो समय बढिरहे पनि सूचना माग गर्नु र प्राप्त गर्नु संवैधानिक र कानुनी अधिकार हो तथा यसले सुशासन कायम गर्न मद्दत पुग्छ भन्ने विषय आमनागरिकसम्म पर्याप्त रुपमा पुऱ्याउन सकिएको छैन। सूचना माग गर्ने र प्राप्त गर्ने संवैधानिक हकको कार्यान्वयनका लागि ल्याइएको कानुन जारी गर्न तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउने, यसको पक्षमा पैरवी गर्ने सबै पक्षबाट थप सक्रियतासहित सूचनाको हकको प्रचलन, प्रयोग र सम्बर्द्धनमा थप क्रियाशील हुनु पर्ने आवश्यकता झनै टड्कारो बनेको छ।

लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण पक्ष भनेको सार्वजनिक निकायबाट सम्पादन हुने क्रियाकलापमा नागरिक सहभागिता हो। यसका लागि सार्वजनिक निकायलबाट सम्पादन भएका वा हुने कार्यबारे नागरिकले जानकारी लिन सक्नु पर्दछ। सार्वजनिक निकायबाट सम्पादन हुने यस्ता क्रियाकलापका बारेमा जान्नका लागि प्रत्येक नागरिकले सूचना माग्न पाउने अधिकार राख्दछन्। सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न/गराउन सार्वजनिक निकायको भूमिका अझ महत्वपूर्ण रहन्छ। १६ औं सूचना दिवस मनाइरहँदा पनि सूचनाको हकको कार्यान्वयनको पक्षमा अपेक्षित उत्साह नदेखिनु सुखद हुन सक्दैन। माग गरेको सूचना सहज रुपमा प्राप्त गर्दा सार्वजनिक निकायप्रति स्वाभाविक रुपमा नागरिकको धारणा सकारात्मक रहन्छ। तसर्थ, सबै सार्वजनिक निकायले सूचनाको हकको कार्यान्वयनमा सक्रियतापूर्वक आफ्नो भूमिका निर्वाह गर्न/गराउन आयोग आह्वान गर्दछ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राजनैतिक दल तथा नेतृत्व, सार्वजनिक निकायका पदाधिकारी, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी, नागरिक समाजको महत्वपूर्ण भूमिका रहन्छ। सूचनाको हकजस्तो महत्वपूर्ण मौलिक हकको प्रचलन र संरक्षणका लागि सबै पक्षबाट राष्ट्रिय सूचना आयोगलाई नियमित रुपमा प्राप्त सुझाव र सहयोगप्रति आयोग आभार व्यक्त गर्दछ। सूचनाको हकको कार्यान्वयनमा सक्रिय भूमिका निर्वाह गर्ने आयोगको सचिवालयमा कार्यरत राष्ट्रसेवकहरुप्रति पनि आयोग आभार व्यक्त गर्दछ। आफूलाई दिइएको जिम्मेवारीमा खरो उत्रने प्रतिबद्धतासहित आयोग १६ औं राष्ट्रिय सूचना दिवसको अवसरमा सबैमा शुभकामना व्यक्त गर्दछ।

| | | |
|---|---|---|
| रत्नप्रसाद मैनाली<br>सूचना आयुक्त | कमला ओली थापा<br>सूचना आयुक्त | महेन्द्र मान गुरुङ<br>प्रमुख सूचना आयुक्त |

२०७९ भदौ ३ शुक्रवार